सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गौंडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गौंडा प्यूठान लुम्बिनी प्रदेश,नेपाल २०७३

प.सः २०७९।०८०

च.न. २५५

मितिः २०७९/५/१९

श्री सबै शाखा प्रमुखहरु,

सरुमारानी गाउँपालिका, प्यूठान ।

श्री वडा कार्यालयहरु सबै

सरुमारानी गाउँपालिका, प्यूठान ।

**विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०७९/५/१७ गते बसेको बैठकको निर्णय प्रति आवश्यक कार्यान्वयन तथा जानकारीको लागी यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

चिन्तामणि रेग्मी

प्रमुख प्रशासकिय अधिकृत

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

रुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गा.पा. अध्यक्ष

**गाउँकार्यपालिकाको मिति २०७९/०५/१७ गतेका बैठकका प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्बन्धमा ।

२. रासी नदिका विभिन्न घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन निकासीको IEE स्वीकृत गर्ने सम्बन्धमा ।

३. ऐरावती बड्डाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नती योजना सम्बन्धमा ।

४. प्राविधिक पदमा करार कर्मचारीको अनुभव सम्बन्धमा ।

५. विपन्न परिवार उत्थान कार्यक्रम सम्बन्धमा ।

६. विधुत पहुँच तथा विधुत लाईन विस्तार सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

गा.पा. अध्यक्ष

रुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
लुम्बिनी प्रदेश,नेपाल
२०७३

बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-८

## गाउँकार्यपालिकाको आठौ बैठकका निर्णयहरु-२०७९/०५/१७

### निर्णय न. १ गते बैठकको समिक्षा सम्बन्धमा ।

यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०७९/०५/०५ गतेको बैठकमा भएका निर्णय मध्ये सबै निर्णयहरु कार्यान्वयन भएको/प्रकृयामा गएको विषय जानकारी भयो ।

### निर्णय न. २ रासी नदिका विभिन्न घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन निकासीको IEE स्वीकृत गर्ने सम्बन्धमा ।

यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँपालिकाको रासि नदिका तपशिलका ५ वटा घाटहरुबाट नदि जन्य पदार्थ(ढुंगा, गिट्टि, वालुवा) उत्खनन, संकलन तथा निकासीको लागी सार्प रिसर्च सेन्टर काठमान्डौ नेपालको सहयोगमा तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE ) २०७९ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| नदीको नाम | उत्खनन क्षेत्र | वडा नम्बर | क्षेत्रफल (वर्ग.मि.) | औसत गहिराई (मि.) | आक्षंश/देशान्तर | उत्खनन् गर्न सकिने परिमाण (घ.मि.) |
|---|---|---|---|---|---|---|
| | ददेरी घाट | २ | ४४२००० | १ | २७$^{0}$५३'३२.६५" N<br>८२$^{0}$४९'२.७४" E | २२१००० |
| | रानीबगर घाट | २ | १८०००० | १ | २७$^{0}$५४'२४.२५" N<br>८२$^{0}$४९'३०.२८" E | ९०००० |
| | सुनघाट | १ | ३७५००० | १ | २७$^{0}$५४'२२.६४" N<br>२२$^{0}$५२'१७.१५" E | १८७५०० |
| | तित्रीवाझ बेलघाट | १ | १४०००० | १ | २७$^{0}$५४'२०.३४" N<br>८२$^{0}$५२'१८.७८" E | ७०००० |
| | झिलिवाङ झाद्र घाट | १ | २८०००० | १ | २७$^{0}$५४'११.९" N<br>८२$^{0}$५०'३८.९७" E | १४०००० |
| | | | | | जम्मा | ७०८५०० |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान

बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## निर्णय न. ३ ऐरावती बङ्गाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नती योजना सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकाको चालु आ.व. २०७९/०८० को बार्षिक कार्यक्रम अन्तरगत संघीय समपुरक अन्तर्गतको ऐरावती बङ्गाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नती योजनाको यस बर्ष रानी कुवा/रानी पौवा गढि क्षेत्र सम्म कालोपत्रे गर्ने र बाकी सडकमा ग्राभेल/स्तरउन्नतिको काम गर्ने निर्णय गरियो ।

## निर्णय न. ४ प्राविधिक पदमा करार कर्मचारीको अनुभव सम्बन्धमा ।

सरुमारानी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५ को दफा (४) को उपदफा-३(ख) मा कार्य अनुभव वापत १०(दश) अंक प्रदान गर्ने ब्यवस्था भएकोमा उक्त कार्यअनुभव कस्तो अनुभवलाई गणना गर्ने स्पष्ट नभएको सन्दर्भमा जुनपदको लागी कर्मचारी पदपुर्ति गर्नु पर्ने हो सो पदसंग मिल्दो नेपाल सरकार/प्रदेश सरकार वा नेपाल सरकार/प्रदेश सरकारद्धारा संचालित कार्यक्रम वा स्थानीय तहमा काम गरेको, तोकिएको पद वा सो पद भन्दा माथी वा मुनिको काम गरेको अनुभव समेतलाई मात्र मुल्यांकन गर्ने निर्णय गरियो ।

## निर्णय न ५ विपन्न परिवार उत्थान कार्यक्रम सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकाको चालु आ.ब. २०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अतिविपन्न परिवार जिवनस्तर उत्थान कार्यक्रम कार्यान्वयनको लागी कार्यविधि बनाउन आवश्यक भएकोले तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. अध्यक्ष श्री झग बहादुर विश्वकर्मा-संयोजक
२. प्र.प्र.अ. श्री चिन्तामणि रेग्मी-सदस्य
३. पुर्वाधार विकास समिति संयोजक श्री चिन्त बहादुर सोमै-सदस्य
४. आर्थिक विकास समिति संयोजक श्री मो.हलिम हलुवाई-सदस्य
५. प्रशासन शाखा प्रमुख श्री लक्ष्मण आचार्य

## निर्णय न. ६ विद्युत पहुँच तथा विद्युत लाईन विस्तार सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकामा विभिन्न स्थानहरुमा विद्युत सेवा नपुगेको, भोल्टेज कम भएको कारण डिमलाईट आउने गरेको, कतिपय ब्यक्तिका घर नजिकबाट हाईटेन्सन लाईन गएको हुदा त्यसको

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सुधार तथा विद्युत पहुँच तथा विद्युत लाईन विस्तार सम्बन्धमा बुटवल पावर कम्पनी र नेपाल विद्युत प्राधिकरणसंग समन्वय र साझेदारीमा काम गर्ने साथै बुटवल पावर कम्पनी र नेपाल विद्युत प्राधिकरणको प्राविधिक सहयोगमा उपरोक्त अनुसारका तथ्यांक/विवरण संकलन गरी कार्यालयमा उपलब्ध गराउन सबै वडाहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न.७ विविध सम्बन्धमा ।**

- शिक्षक पुरस्कार सम्बन्धमा ।

सरुमारानी गाउँकार्यपालिकाको मिति २०७९/५/१७ गतेको निर्णय न. १४(७) बमोजिम २०७९ भाद्र २३ गते अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा वितरण गरिने शिक्षा तर्फको पुरस्कारमा उत्कृष्ट शिक्षक पुरस्कृत गर्दा सम्बन्धित विषयको सिकाई उपलब्धि र विधार्थी उत्तिर्ण प्रतिशतका आधारमा प्रत्येक विषयगत शिक्षक एक/एक जनालाई पुरस्कृत गर्ने निर्णय गरियो।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०७९/०५/१९

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner